विद्यालय कोड नं.: ४०००२०००३

# श्री अन्नपूर्ण माध्यमिक विद्यालय
# SHREE ANNAPURNA SECONDARY SCHOOL

पोखरा-१६, अर्मला, कास्की

Pokhara-16, Armala, Kaski

स्थापना वि.सं. २०२८ (Estd: 2028 B.S.)

पत्र संख्या Letter No. ०८३/०८४

चलानी नम्बर Issue No. १०

मिति (Date) : २०८३/०६/०५

**श्री सम्बन्धित सबै**

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धमा ।**

प्रस्तुत विषयको सम्बन्धमा यस श्री अन्नपूर्ण माध्यमिक विद्यालयमा **निम्नमाध्यमिक तह, तृतीय श्रेणी, अङ्ग्रेजी विषयको** शिक्षक दरबन्दी रिक्त रहेको हुँदा विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०६/०२ गते बसेको बैठकको निर्णय बमोजिम उक्त रिक्त पदमा सरुवा प्रक्रियाबाट पूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित तह र श्रेणीको योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र ( २०८३/०६/०५ देखी २०८३/०६/१९ गते सम्म) शिक्षानियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा निवेदन दिन शिक्षानियमावली २०५९ (दशौं संशोधन २०८३) नियम २५ को सरुवा सम्बन्धी व्यवस्था बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पेश गर्नुपर्ने कागजातहरु :**

१. सरुवाको लागि निवेदन ।
२. नेपाली नागरिकताको प्रतिलिपि ।
३. सेवा अवधि खुल्ने कागजातहरु ।
४. शैक्षिक योग्यता र तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि ।
५. हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिर भएको कागजात ।
६. स्थायी नियुक्ति पत्रको प्रतिलिपि ।
७. असाधारण तथा बेतलबी बिदा सम्बन्धी कागजात ।
८. कार्यरत विद्यालयको सहमति पत्र ।
९. सम्बन्धित स्थानीय तहको सहमति पत्र ।
१०. शिक्षानियमावली, २०५९ (दशौं संशोधन २०८३) को अनुसूची १७ बमोजिमको फारम ।
११. शिक्षानियमावली, २०५९ (दशौं संशोधन २०८३) बमोजिम प्राथमिकता दाबी गर्ने प्रमाण र कागजात ।

उक्त अवधिमा प्राप्त भएका निवेदनहरु शिक्षानियमावली, २०५९ (दशौं संशोधन २०८३) तथा प्रचलित कानुन बमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडि बढाइने छ। म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन उपर कुनै कारबाही हुने छैन ।

**नोट : यस रिक्त दरबन्दीमा जिल्लान्तर सरुवा नहुने जानकारी गराइन्छ ।**

**बोधार्थ :**

श्री शिक्षा विकास तथा समन्वय इकाइ, कास्की (जानकारी तथा वेवसाइटमा यो सूचना प्रकाशित गरिदिनुहुन)
श्री पोखरा महानगरपालिका, शिक्षा महाशाखा (जानकारी तथा वेवसाइटमा यो सूचना प्रकाशित गरिदिनुहुन)
श्री पोखरा महानगरपालिकाका वडा कार्यालयहरु (जानकारी तथा वेवसाइटमा यो सूचना प्रकाशित गरिदिनुहुन)
श्री विद्यालय सुचना अधिकारी ( सूचना पाटी तथा फेसबुक पेजका लागि)

थप जानकारीको लागि : ९८५६०४८६१२, ९८४६०५४४९३, ९७४८७६३४९३
Email : annapurnass2028@gmail.com

माधवप्रसाद आचार्य
प्रधानाध्यापक